# तमानखोला गाउँपालिका गाउँ विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधी, २०७७

**प्रस्तावना**

प्राकृतिक प्रकोपवाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नका लागि विपद्का घटनाको उद्धार कार्यहरु गर्ने र विपद् प्रभावितहरुलाई राहत तथा पुनर्स्थापनाको व्यवस्था गर्न आवश्यक देखिएकोले गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधी तयार पारेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधीको नाम गाउँ विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधी, २०७७ रहेको छ ।

ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले तमानखोला गाउँपालिकाको गाउँ विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधी २०७७ सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिका सम्झनु पर्दछ ।

ग) " अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च) वडा कार्यालय भन्नाले तमानखोला गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

छ) वडास्तरीय विपद् व्यवस्थापन समिति भन्नाले तमानखोला गाउँपालिकाको गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ६ बमोजिम गठीत समिति सम्झनु पर्दछ ।

**३. उद्देश्य**

क) यस कार्यविधीको उद्देश्य तमानखोला गाउँपालिका क्षेत्र भित्र आईपर्न सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरुको जोखिम न्यूनिकरण र पूर्व तयारी साथै विपद् पिडितहरुको तत्काल उद्धार गर्नु, समयमै राहत उपलब्ध गराउनु तथा पिडितहरुको व्यवस्थित तवरले पुनर्स्थापना गर्नु रहेको छ ।

तमानखोला गाउँपालिका

**४. राहत वितरण कोष**

क) राहत वितरणका लागि तमानखोला गाउँ कार्यपालिका कार्यालयको प्रभु बैंक लिमिटेडमा रहेको तमानखोला गाउँपालिका प्रकोप व्यवस्थापन कोषलाई नै राहत वितरण कोषको रुपमा प्रयोग गरिने छ । यस कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् ।

अ) संघ/प्रदेशवाट प्राप्त रकम

आ) गाउँपालिकाले राहत वितरणका लागि गाउँसभावाट अनुमोदन गर्ने गरी विनियोजन गरेको रकम

इ) विभिन्न व्यक्ति, संघ, संस्थाबाट राहत वितरण गर्नका लागि गाउँपालिकालाई प्राप्त रकम ।

ई) गाउँ कार्यपालिकाको निर्णय बमोजिम पदाधिकारी तथा कर्मचारीको सेवा सुविधाबाट कट्टी गरी प्राप्त हुन आउने रकम ।

**५. उद्धार र राहत मापदण्ड**

क) विपद्को घटनामा परि कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु. १ लाखका दरले, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु. ५० हजारका दरले तमानखोला गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी राहत रकम उपलब्ध गराउने ।

ख) विपदबाट घर, वहाल, आवास नष्ट भएमा वा खद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागी खद्यान्न समेत नभएमा वा दुवै अवस्थामा पिडित परिवारलाई यथाशीघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. १० हजार र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए रु. १५ हजारका दरले नगद सहायता प्रदान गर्ने ।

ग) विपद्का घटनामा परि खाद्यान्न तथा हाल बसोबास गरिरहेको घर मानवीय क्षती सहित पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण रुपमा नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई सम्बन्धित वडाको सिफारीस र प्रहरी प्रतिवेदनको आधारमा गाउँ विपद् व्यवस्थापन समितिबाट निर्णय गरी प्रति परिवार

रु. २ लाख ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने तर अर्को स्थानमा वसोवास गर्ने घर नभएको अवस्था भएमा मात्र त्यस्तो राहत रकम उपलब्ध गराइने छ ।

घ) मानवीय क्षती नभएको तर घर, वासस्थान पूर्ण रुपमा क्षती भएको अवस्थामा पूर्ण क्षती भएको घरको लागि रु २५ हजार र आंशिक क्षती भएको घरको लागि रु. १५ हजार सम्म राहत स्वरुप उपलब्ध गराईने छ तर स्वयं परिवारको अर्को बसोबास गर्ने वैकल्पिक व्यवस्था नभएको हकमा मात्र यस्तो राहत रकम उपलब्ध गराईने ।

ङ) विपद्का घटनामा परी घाइते हुनेहरुलाई गाउँ विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानीका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई गाउँ विपद् व्यवस्थापन समिति मार्फत सिफारिस गर्ने ।

च) भुकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी, बतास, चट्याङ, शीतलहर, हिमपात, संक्रामक रोग, लगायतका विपद्का कारणबाट भएका घटनाको पिडितहरुलाई मात्र माथि उल्लेखित राहत रकम उपलब्ध गराउने ।

* **छ)** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद् विशेषमा दफा ४ को खण्ड (क) को उपखण्ड (इ) र (ई) बमोजिम कोषमा जम्मा भएको रकम सङ्घ, प्रदेश वा गाउँपालिकालाई थप आर्थिक दायित्व सिर्जना नहुने गरि गाउँ विपद् व्यवस्थापन समितिको निर्णयानुसार त्यस बखतका विपद्बाट प्रभावित घर परिवारलाई न्यायोचित हिसाबले नगद राहत रकम वितरण गर्न बाधा पर्ने छैन ।

**६. राहत सामाग्री भण्डार**

क) राहत वितरण गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिकाको कार्यालयमा एक राहत सामाग्री भण्डार स्थापना गरिने छ । यस भण्डारमा प्राप्त निम्नानुसारका जिन्सी राहत सामाग्रीलाई व्यवस्थित गरी राखिनेछ र राहत व्यवस्थापन तथा वितरण गाउँ समन्वय समितिको निर्णय बमोजिम वितरण गरिनेछ ।

अ) गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट खरिद् गरिएका जिन्सी राहत सामाग्री

आ)आ) विभिन्न व्यक्ति, संघ संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त जिन्सी सामाग्री ।

इ) इ) संघ तथा प्रदेश सरकारबाट प्राप्त जिन्सी सामाग्रीहरु ।

***तमानखोला गाउँपालिका गाउँ विपद् व्यवस्थापन तथा राहत वितरण केहि कार्यविधीलाई संशोधन गर्न बनेको कार्यविधि, २०८३ बमोजिम संशोधित ।**

**७. राहत व्यवस्थापन तथा वितरण गाउँ समन्वय समिति**

क) गाउँ तहमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण गाउँ समन्वय समिति रहने छ।

*

अ) अध्यक्ष अध्यक्ष

आ) उपाध्यक्ष सदस्य

इ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ई) सामाजिक विकास समितिको संयोजक सदस्य

उ) विपद् व्यवस्थापन हेर्ने शाखा प्रमुख सदस्य सचिव

**८. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

क) विपद् प्रभावित परिवारको लगत वडा कार्यालय मार्फत संकलन गर्ने ।

ख) परिस्थिति र आवश्यका अनुसार राहतको मात्रा (प्याकेज) तय गर्ने ।

ग) राहत सामग्री वितरण एवं व्यवस्थापनको जिम्मा तोक्ने ।

घ) राहत सामग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने ।

ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

**९. राहत सामग्री संकलन तथा वितरण व्यवस्थापन :**

क) गाउँ स्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य गाउँ समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

१०.यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन् ।

११.यो कार्यविधिको व्याख्या संशोधन तथा खारेज गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।